प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तह बिशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यकमको परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

**(मिति २०७६ भाद्र २२ गते प्रकाशित)**

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरुमा संचालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यकम (दलित, मुसलमान, लोपोन्मुख जाती तथा भूकम्प प्रभावित)** डिप्लोमा इन इन्जिनियरिङ्ग, होटेल म्यानेजमेन्ट, फुड एण्ड डेरी टेक्नोलोजी तथा इन्टरप्रेनरसीप डेभलपमेन्ट कार्यक्रमको प्रथम वर्ष प्रथम खण्ड, दोस्रो बर्ष प्रथम खण्ड र तेस्रो बर्ष प्रथम खण्डको नियमित तथा आंशिक, परीक्षा मंसिर महिनामा संचालन हुने भएकोले मिति *२०७६ साल* असोज ६ *गते भित्र* परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारी लागि अनुरोध छ ।***

**शर्तहरुः**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको मुखाकृती प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनु पर्नेछ ।

२. **शिक्षण संस्थाहरुले परीक्षार्थीको (शुल्क प्रति विद्यार्थी रु. २०००।-) रकम उल्लेख भएको शिक्षण संस्थाको सक्कलपत्र फाराम साथ परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा पेश गर्नु पर्नेछ ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०। का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. नियमित परीक्षार्थीको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ ।

५. नियमित परीक्षार्थीको परीक्षा आवेदन फारामहरु **Web based online System मा entry गरी समष्टिगत एक प्रति प्रिन्ट गरी सोहि अनुसार फारामहरु क्रम मिलाई फाईलिङ्ग गरी बुझाउनु पर्नेछ ।** साथै नियमित परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक **Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न **गर्नुपर्नेछ ।**

६. **आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७०/७१ देखि २०७५/७६ (ई. सं. २०१३ देखि २०१८) सम्ममा भर्ना भई रजिष्ट्रेशन भएका विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यकमका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन ।** परीक्षा आवेदन फारामहरु परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ ।

७. आंशिक परीक्षार्थीको हकमा परीक्षा आवेदन फारामसाथ ***समष्टीगत फारामको प्रमाणित प्रति Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0*** मा) अनिवार्य रुपमा बुझाउँनुर्नेछ ।

८. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरुले मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण ***(NQ)*** परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत : रद्द हुने छ । साथै परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक सम्बन्धित विषयका शिक्षक र प्राचार्यले हस्ताक्षर गरी ***प्रमाणित गरिएको एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

९. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१०. आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

११. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु मिति २०७६ साल असोज ८ गते भित्र परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । ***आंशिक परीक्षार्थीको परीक्षा शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मितिको भोलि पल्ट (२०७६।६।९) तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलि पल्ट भित्र अनिवार्य रुपमा बुझाउने पर्नेछ*** (तोकिएका मिति भन्दा पछि सात दिन भित्र परीक्षा आवेदन फाराम बुझाउने परीक्षार्थीहरुको हकमा मात्र) म्याद नाघी प्राप्तभएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन ।

१२. आंशिक परीक्षार्थीहरुका **Symbol No.** परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

**परीक्षा नियन्त्रक**